# नवदुर्गा गाउ कार्यपालिकाको मिति २०७९।०९।१४ गतेको निर्णयबाट स्वीकृत

# पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि – २०७९

नवदुर्गा गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा ।

आ.व. २०७९।०८०

नवदुर्गा गाउ कार्यपालिकाको मिति : २०७९।०९।१४ गतेको निर्णयबाट स्वीकृत
पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७९

**प्रस्तावनाः** नवदुर्गा गाउँपालिकाबाट संचालन हुने पशु विकासका कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न सुशासन (कार्यसंचालन तथा व्यवस्थापन) ऐन२०६४ को दफा १४ र सुशासन (कार्य सञ्चालन तथा व्यवस्थापन) नियमावलि २०६५ तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को अधिकार प्रयोग गरि नवदुर्गा गाउँपालिकाले पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ तैयार गरि लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्विकृत भएको मिति देखि प्रारम्भ हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले नवदुर्गा गाउँपालिका सम्झनु पर्दछ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "पशु सेवा शाखा" भन्नाले नवदुर्गा गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले नवदुर्गा गाउँपालिका अन्तर्गतका सबै वडाहरु सम्झनु पर्दछ।

(ङ) "प्राविधिक" भन्नाले नवदुर्गा गाउँपालिकामा कार्यरत वा पशु सेवा शाखाबाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनु पर्दछ।

(च) "कृषक" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(छ) "कृषक उद्यमि" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्न कानुन बमोजिम पशु पालन व्यवसाय दर्ता गरि पशुपालनमा आबद्ध व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ज) "कृषक समूह" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्न पशु सेवा शाखा/साबिकको जिल्ला पशु सेवा कार्यालयमा दर्ता गरिएका समूहहरुलाई सम्झनु पर्दछ।

(झ) "सहकारी" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्ने कृषि सहकारी वा पशु पालन कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ।



नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भागेश्वर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

(ञ) "प्रस्तावक" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्ने कृषक/कृषक उद्यमि/कृषक समूह/समिति/सहकारी सम्झनु पर्दछ।

(ट) "लगानि रकम" भन्नाले नवदुर्गा गाउँपालिका भित्र पशु विकास कार्यक्रम संचालन गर्न कार्यक्रम सम्झौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यहोर्ने रकम समेत गरि कुल लगानि रकम सम्झनु पर्दछ।

(ठ) "अनुदान" भन्नाले सम्बन्धित पशु विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्दछ ।

(ड) "अनुदान व्यवस्थापन तथा प्राविधिक समिति" भन्नाले दफा ४ बमोजिमको अनुदान व्यस्थापन तथा प्राविधिक समिति सम्झनु पर्दछ ।

३. उद्देश्य:

(१) गाउँपालिकाबाट संचालन हुने विकास/अनुदानका कार्यक्रमहरुमा एकरुपता ल्याउने ।

(२) गाउँपालिका मातहतका सम्बन्धि वडाहरु बाट संचालन हुने कार्यक्रमहरु व्यवस्थित, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्ने।

(३) पशु पालन व्यवसायलाइ आत्मनिर्भर, व्यवसायिक र प्रतिस्पर्धि बनाउने ।

(४) गरिवि निवारण, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

## परिच्छेद-२

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. अनुदान व्यवस्थापन तथा प्राविधिक समिति: स्विकृत अनुदान कार्यक्रमहरु कार्यान्वयन/व्यवस्थापन प्रयोजनार्थ नवदुर्गा गाउँपालिका पशु सेवा शाखामा देहाय बमोजिमको अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहने छ।

| | |
|---|---|
| १. गाउपालिका अध्यक्ष | संयोजक |
| २. गाउपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. प्रतिनिधि, योजना शाखा | सदस्य |
| ५. प्रतिनिधि, कृषि विकास शाखा | सदस्य |
| ६. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

५. समितिको काम कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषकहरुलाइ प्रचलित कानुन बमोजिम हुने गरि कार्यक्रम संचालनका न्युनतम मापदण्ड र पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गरि पशु सेवा शाखालाई सिफारिस गर्ने ।

(ख) कार्यक्रमहरुमा प्रस्ताव पेश गर्नका लागि प्रस्तावको ढाँचा तोक्ने/परिमार्जन गर्ने।

(ग) अनुसुचि ३ बमोजिमको मुल्यांकनका आधारहरुको सिमा भित्र रहि थप व्याख्या अनुसार अंकभार बाँडफाँड गर्ने वा विषेश कार्यक्रमका लागि छुट्टै मुल्यांकनका आधारहरु निर्धारण गर्ने ।

(घ) प्राप्त प्रस्तावहरुको स्थलगत मुल्यांकनका लागि उप समिती गठन गर्ने ।

(ङ) प्राप्त प्रस्तावहरुको उप समितिको मुल्यांकनका आधारमा लाभग्राहि छनौट गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनको प्रभावकारि अनुगमन गर्ने तथा थप सुधारका लागि पशु सेवा शाखालाई सुझाव दिने ।

६. कार्यक्रम संचालन प्रक्रिया:

(क) **सुचना प्रकाशन तथा प्रस्ताव माग गर्ने:** पशु सेवा शाखाले आफ्नो बार्षिक कार्यक्रमको परिधि भित्र रहि कार्यक्रममा उल्लेख भइआएकोमा सोहि अनुसारको र उल्लेख भई नआएकोमा समितिको निर्णयनुसारको योग्यता तोकि, पशु विकास कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानुन अनुसार सार्वजनिक सुचना प्रवाह गर्ने छ । स्वीकृत कार्यक्रममा नै लाभग्राहि तोकिएको अवस्थामा सम्बन्धित लाभग्राहिलाई समयावधि तोकि कार्यालममा प्रस्ताव पेश गर्न सोझै पत्राचार वा सार्वजनिक सुचना मार्फत जानकारी गर्ने छ । आवेदन तथा प्रस्तावको ढाँचा अनुसूचि-१ र २ बमोजिम हुने छ । यस ढाँचामा समितिले निर्णय गरि आवश्यकता अनुसार परिमार्जन गर्न सक्ने छ ।

(ख) **प्रस्तावको मुल्यांकन:** दफा ६(क) बमोजिम पेश भई आएका आवेदनहरुको पशु सेवा शाखाले समिति सँगको समन्वयमा मुल्यांकन गर्ने छ । यो मुल्यांकन प्रतिवेदन सम्बन्धित समितिमा पेश गर्नु पर्ने छ ।

(ग) **अनुदानग्राहि/लाभग्राहिको छनौट:** दफा ६(ख) बमोजिम मुल्यांकन भएका आवेदकहरुको मुल्यांकन प्रतिवेदन समितिमा पेश भई सके पश्चात सम्बन्धित समितीको निर्णय बमोजिम लाभग्राहि छनौट गरिने छ ।

(घ) **लागत इष्टिमेट तथा सम्झौता:** दफा ६(ग) बमोजिम छनौट भएका अनुदानग्राहि/लाभग्राहिहरुलाई समितिले तोकेको आवश्यक कागजातहरु सहित सम्झौता गर्न आउन पशु सेवा शाखाले अवधि तोकि सार्वजनिक सुचना प्रकाशन गर्ने छ । संचालन गरिने कार्यक्रमको विस्तृत लागत इष्टिमेट पशु सेवा शाखाका प्राविधिकहरुले प्रचलित नियम कानुन अनुसार गर्ने छन् ।कार्यक्रमको विभिन्न शिर्षकहरुमा लागत साझेदारी, अनुदान प्रतिशत तथा अनुदान रकम अनुसुची-४ मा तोकिए बमोजिम हुनेछ । अनुदानग्राहि/लाभग्राहिहरुसँग गरिने सम्झौताको तथा लागत इष्टिमेटको ढाँचा अनुसुचि-५ बमोजिम हुने छ ।

(ङ) **भुक्तानि प्रक्रिया:** लाभग्राहि कृषक समूह/कृषक संस्थाले सम्झौता बमोजिमको कार्य सम्पन्न गरि सके पश्चात कार्यक्रमको सार्वजनिक सुनुवाई गरि पशु सेवा शाखामा बिल, भर्पाइ, लगायतका अन्य आवश्यक कागजातहरु पेश गर्नेछ । उक्त कागजातहरु पशु सेवा शाखामा पेश भए पश्चात पशु सेवा शाखाले खटाएका प्राविधिकहरुले स्थलगत रुपमा कार्य सम्पन्न भए/नभएको अनुगमन गरि अनुसुचि६ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन

तैयार गर्ने छन् । यसरि तैयार भएको कार्य सम्पन्न प्रतिवेदनका आधारमा लेखा शाखाले लाभग्राहि कृषक समूह/कृषक संस्था वा सामाग्री आपुर्तिकर्ताको बैंक खाता मार्फत अनुदान रकम भुक्तानि प्रदान गर्ने छ ।

## परिच्छेद-३

## कार्यक्रम अनुगमन, मुल्यांकन प्रतिवेदन

७ पशु सेवा शाखा मार्फत संचालन गरिने पशु विकास कार्यक्रमको प्राथमिक रुपमा अनुगमन गर्ने जिम्मेवारि सम्बन्धित पशु सेवा शाखा र समितिको हुनेछ । पशु सेवा शाखाले संचालन गरेका कार्यक्रमको आवश्यकता अनुसार विभिन्न समयमा अनुगमन समितिले अनुगमन र मुल्यांकन गर्ने छ । पशु विकास शाखाले मासिक वा चौमासिक रुपमा कार्यालय मार्फत कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्ने छ।चौमासिक वा वार्षिक रुपमा कार्यक्रमको गाउँपालिका स्तरमा समिक्षा गरिने छ।

## परिच्छेद-४

## विविध

८. **कार्यविधिको प्रयोग:** नवदुर्गा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु मार्फत संचालन हुने पशु विकासका कार्यक्रमहरु समेत, कार्य क्षेत्रको प्रकृति अनुसार, पशु सेवा शाखा तथा सम्बन्धित समिति संगको समन्वय र निर्णयानुसार, यसै कार्यविधि बमोजिम संचालन गरिने छ ।यसरि संचालन गरिने कार्यक्रमको अन्तिम भुक्तानि पशु सेवा शाखाको सिफारीस अनुसार, बजेट रहेको कार्यालयले अनुदानग्राहिको बैंक खातामा दिने छ ।यस कार्यविधि बमोजिम पशु सेवा शाखाको समन्वयमा अन्य जुनसुकै निकायबाट प्रदान गरिएको अनुदानको दफा १२ बमोजिमको अभिलेख राख्ने प्रमुख दायित्व सम्वन्धित पशु सेवा शाखाको हुने छ ।

९. **प्रचलित कानून लागु हुनेः** अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम कार्यान्वयन हुने छ।

**१०. अनुदानग्राहिको अभिलेख:**

(१) पश सेवा शाखाले यस कार्यविधि बमोजिम पशु विकास कार्यक्रम संचालनका लागि छनौट भएका अनुदानग्राहिको अनुसुची-७ बमोजिमको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्ने छ ।

(२) अनुदान प्रदायक निकायबाट एक पटक अनुदान पाएको अनुदानग्राहिलाई अनुदान प्रास गरे पछि कम्तिमा आगामि दुई आ.व मा सोहि प्रकृतिको अनुदान प्रदान गरिने छैन। तथापि व्यवसाय क्षेत्र विस्तार, नविन प्रविधिको प्रयोग तथा व्यवसाय विविधिकरण जस्ता विषयमा समितिले निर्णय गरि अनुदान प्रवाह गर्न सक्ने छ ।

गाउँपालिका
गाउँपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

१०. कारवाहिको व्यवस्था: सम्झौता बमोजिमको कार्य सम्पन्न नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदानग्राहिलाई पशु सेवा शाखाले कालो सूचीमा राखी प्रचलित कानुन बमोजिम कारवाहि गर्ने छ ।

१३. बाधा अड्चन, निरुपण, खारेजि र संसोधन:

(१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण समितिले गर्ने छ ।

(२) नवदुर्गा गाउँपालिका कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्ने छ ।

अनुसूची-१

अनुदानग्राहिले पेश गर्ने आवेदनको ढाँचा

मिति:

श्रीमान् शाखा प्रमुख ज्यू,
पशु सेवा शाखा
नवदुर्गा गाउँपालिका
मणिलेक डडेल्धुरा।

**विषय: अनुदान कार्यक्रममा सहभागि हुन पाँउ भन्ने बारे ।**

महोदय,

तहाँ कार्यालयको मिति............................ मा प्रकाशित............................................................ कार्यक्रममा सहभागि हुन पाँउ भनि सुचनामा उल्लेख भए बमोजिमका कागजातहरु सहित यो आवेदन पेश गरेको छु । साथै यस कार्यालय बाट विगत दुई बर्षमा यसै प्रकृतिको कार्यक्रमका लागि अनुदान नलिएको व्यहोरा समेत अनुरोध छ ।

निवेदक

नाम:

ठेगाना:

दस्तखत:

छाप:

**निवेदन साथ संलग्न कागजातहरु:**

१. कार्यक्रमको प्रस्ताव
२. कृषक समूह/कृषक सहकारी दर्ता,नविकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाको निर्णय प्रतिलिपि:
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र
६.
७.

नवदुर्गा गाउँपालिका
गाउँपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-२

प्रस्तावको ढाँचा

..........................कार्यक्रमको प्रस्ताव पत्र

| क. कार्यक्रमको सामान्य परिचय | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| टेलिफोन नंबर | |
| आवेदकको परिचय, अनुभव तथा हाल संचालन गरि रहेका क्रियाकलापहरु | |
| यस कार्यक्रम अन्तरगत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु | |
| अनुदान माग गरेको रकम रु | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्लाः डडेल्धुरा<br>गाउँपालिकाः नवदुर्गा गाउँपालिका<br>वडा नः<br>स्थानः |

| ख. कार्यक्रमबाट हुने लाभान्वितहरुको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लाभान्वितको किसिम | संख्या | | | | | | |
| | कुल | पुरुष | महिला | दलित | जनजाति | भूमिहिन | अन्य |
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

| ग. कार्यक्रम संचालन पश्चात प्राप्त हुने प्रतिफलहरु |
|---|
| १.<br>२.<br>३.<br>४. |
| घ. लागत साझेदारी |

| सि नं | क्रियाकलापको नाम | इकाइ | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**घ. अनुमानित उत्पादन तथा बिक्रि आम्दानि**

| सि.नं | उत्पादनको नाम | इकाइ | परिणाम | दर | जम्मा उत्पादनको बजार मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ङ. कार्यक्रमको दिगोपना तथा निरन्तरता**

अनुसूची-३

प्रस्ताव मुल्यांकनका आधारहरु

| क्र.सं | आधार | अंकभार |
|---|---|---|
| १ | प्राविधिक उपयुक्तता तथा नविन प्रविधिको प्रयोग | २०% |
| २ | आवेदकको व्यवसायिक पृष्ठभूमी र फिल्ड अनुभव | २०% |
| ३ | आवेदकको सम्बन्धित व्यवसायको अध्ययन तथा तालिम | १५% |
| ४ | सामाजिक समावेशिता (महिला, दलित, जनजाति,मुक्तकमैया/हलिया, भूमीहिन, सुचिकृत जातजाती आदी) | १५% |
| ५ | बैदेशिक रोजगार बाट फर्केका यूवाहरु | १०% |
| ६ | बातावरण मैत्री प्रविधि | १०% |
| ७ | दीगोपना | १०% |

अनुसूची-४

विभिन्न शिर्षकमा कार्यालयबाट प्रदान गरिने अनुदान प्रतिशत/ अनुदान रकम/ लाभ ग्राही छनोटका आधार र क्रियाकलापहरु :

| क.सं | अनुदान प्रदान गरिने शिर्षकहरु | अनुदान प्रतिशत | अनुदान रकम रु. | लाभ ग्राहि छनोटका आधारहरु | अनुदान प्रदान गर्न गरिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | ब्रोइलर कुखुरा, लिर्यस कुखुरा, कडकनाथ कुखुरा, स्थानिय कुखुरा तथा टर्की पालन लगाएत पन्छी जन्य व्यवसायिक फर्महरुमा अनुदान कार्यक्रम ( खोर सुधार, घेरवार तथा अन्य कृयाकलापहरु ) | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - कम्तीमा ५००/३००/३०० ब्रोईलर/लिर्यस,कडकनाथ,स्थानिय कुखुरा/टर्की आदी विगत देखि पालन गर्दै आएको हुनु पर्ने<br>- सम्बन्धीत नियमायमा व्यवसाय दर्ता भएको | - कुखुराको खोर सुधार , घेरवार तथा निर्माण |
| २ | बाख्राको साना व्यवसायिक पकेट विकास कार्यक्रम | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - बाख्राको साना व्यवासयिक पटेक विकास कार्यक्रम अनुसार | - खोर सुधार<br>- बाख्रा खरिद<br>- प्रजनन योग्य बोका खरिद<br>- |
| ३ | ग्रामिण कुखुरा प्रर्वद्धन जिविकोपार्जन तथा पोषण सुधार उपाध्यक्ष कोशेली कार्यक्रम कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - आर्थिक रुपले विपन्न, असहाय, पिछडिएका सुनौला १००० दिनका आमाहरु | - कुखुराका चल्लाहरु वितरण गर्ने |
| ४ | असहाय विपन्न एकल महिला र पुरुषहरु लाई बाख्रा वितरण कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - आर्थिक रुपले वपिन्न, असहाय, एकल महिला र पुरुषहरु लाई आश्रय दिने परिवारका सदस्यहरु वडा कार्यालयको सिफारिसमा<br>- कम्तिमा २ बटा बाख्रा पालन गर्न सक्ने परिवार | - बाख्रा खरिद तथा वितरण |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | तालीम, प्रदर्शन, भ्रमण, मेला आयोजना, कृषि प्रविधि सामाग्रि लगायतका प्राविधिक सेवा | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | | |
| ६ | बाखा पालन, व्यवसाय गर्ने कृषकलाई अनुदान | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - बाखा पालन व्यवसाय दर्ता गरेको<br>- २० माउ बाखा = रु ५०००० अनुदान<br>- ४० माउ बाखा = रु १००००० अनुदान<br>- १०० माउ बाखा = रु २५०००० सम्म अनुदान प्रदान गर्ने | - खोर निर्माण तथा मर्मत<br>- घेरवार तथा टाट्नो निर्माण<br>- डिपिङ्ग ट्याङ्क, टाट्नो निर्माण तथा खरिद<br>- प्रजनन योग्य बोका खरिद आदी । |
| ७ | मासु पसल सुधार कार्यक्रम मा सामग्री वितरण ग्यास सेट, डिजिटल काटा, चोपर, गमबुट, एपरोन आदी | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - विगत देखी निरन्तर रुपमा दैनिक १० देखी १५ के जी काटेको/ जिउदो १५ देखी ३० केजी सम्म मासु बिक्रि वितरण हुदै गरेको ।<br>- धेरै बस्ती लाई पाएक पर्ने स्थानमा पसल संचालन भएको । | - मासु पसलका लागी आवश्यक सामग्री वितरण तथा<br>- मासु पसल निर्माण/सुधार (टाएल, सिसा, जाली, नाली निर्माण तथा मर्मत) |
| ८ | गाई भैसी पालन व्यवसायिक फर्महरुमा अनुदान | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - ५ वटा दुधालु गाई भैसी पालन गर्दै आएको हुनु पर्ने । अनुदान रकम = रु १००००० सम्म । | - गोठ सुधार<br>- गोठ मर्मत<br>- राँगो खरिद<br>- घाँस खेती तथा घाँस काट्ने मेसिन खरिद आदी |

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बंगुर पालन व्यवयिक फर्महरुमा अनुदान | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - ५ वटा पोथी र १ भाले<br>- व्यवसाय दर्ता<br>- विगत देखी नियमित रुपमा बंगुर पालन गर्दै आएको । | - खोर तथा सेड निर्माण<br>- घेरवार तथा खोर मर्मत<br>- प्रजननका लागी भाले पोथी खरिद तथा वितरण |
| १० | जिविको पार्जनका लागी विपन्न बस्तीहरुमा बंगुरका पाठापाठी वितरण कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - विपन्न परिवारका सदस्यहरु<br>- वडा कार्यालयको सिफारिस<br>- कार्यकपालिकाको निर्णयहरु | - वंगुरका पाठापाठी खरिद तथा वितरण<br>- खोर निर्माण तथा सुधार |
| ११ | डेरी पसल, समुह सहकारीका सदस्यहरु लाई मिल्क क्या न तथा भाडाकुडा वितरण कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - दैनिक रुपमा विगत देखी नै दुध बिक्रि वितरण गर्दै आएका गाई भैसी पालन गर्दै आएका समुह समिति सहकारीका सदस्यहरु<br>- दुग्ध संकलन केन्द्र | - मिल्क क्यान<br>- छत्री<br>- स्टिलका डिब्बा आदी । |
| १२ | गाई भैसीलाई पोषण सुधारका लागी सुत्केरी भत्ता वितरण (पशुपन्छी विमा गरेका लागी मात्र) प्रति गाई भैसी १५००/- | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - गाई भैसी पालन गरी पशु विमा अनिवार्य गरेको कृषक | प्रति गाई भैसी रु १५०० का दरले । |
| १३ | कोरेली पाडी खरिद तथा वितरण कार्यक्रम | ५०% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | - भैसी पालन गरी दैनिक रुपमा दुध बिक्रि वितरण हुदै गरेको बस्ती।<br>- हाल भैसी पालन नगरेको परिवार | - कोरेली पाडी खरिद गर्ने ।<br>- गोठ सुधार आदी । |
| १४ | जै घाँस बजारी करण कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | | |

गाउँ कार्यपालिकाको कार्यालय, नवदुर्गा गाउँपालिका, गणेशपुर, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | हिउदे तथा बर्षे घाँसको विउ वितरण कार्यक्रम (विउ, गानो, गाठो, जरा, सेट आदी) | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | पशु पालन गर्दै आएका समुह समिति सहकरी व्यवसायिक फर्म लगाएत आम कृषकहरु | |
| १६ | जै घाँस विउ उत्पादन गर्ने कृषकलाई अनुदान कार्यक्रम | प्रतिकेजी रु ५ का दरले | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | गाउपालिका भित्र प्रति समुह, समिति, सहकारीका सदस्यहरुले एक सिजनमा कम्तिमां १०० क्यून्टल विउ उत्पादन भई विक्रि भएको हुनु पर्ने । | |
| १७ | गाउपालिका अध्यक्ष उत्कृष्ठ कृषक पुरस्कार कार्यक्रम | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | | |
| १८ | विभिन्न दिवसहरु मनाउने कार्यक्रम (रेविज दिवस, पशुपन्छी दिवस, अण्डा दिवस, दुध दिवस) आदी । | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | | |
| १९ | विभिन्न जानकारी तथा सन्देश मुलक फल्याक्स प्रिन्ट पम्पलेटहरु छपाई आदी । | १००% | लागत इष्टिमेट तथा कार्यक्रम बजेट अनुसार | | |

नोट :- गाई भैसी पालन, कुखुरा पालन, बाख्रा पालन, वंगुर पालन, कोरेली पाडी आदी कार्यक्रमको अन्तिम भुक्तानी हुदा पशु विमा अनिवार्य गरेको हुनु पर्नेछ ।

अनुसूची-५

## लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

नवदुर्गा गाउँपालिका पशु सेवा शाखा मणिलेक डडेल्धुरा र.......................................................

विच.............................. योजना संचालनका लागि भएको

**सम्झौतापत्र**

नवदुर्गा गाउँपालिका पशु सेवा शाखा मणिलेक डडेल्धुरा (यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र .......................... (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) विच आ.ब. ...... को...................................... कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षिय सम्झौता गरिएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम संचालनका लागि जम्मा अनुदान रकम रु..................... (अक्षेरपि रु. ................................ मात्र) प्रदान गर्ने छ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क्र.सं. | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम रु | कार्यालयको अनुदान रु. | आवेदकको स्वलगानी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा रु | | | | | | | |

३. दोस्रो पक्षले संचालन गर्ने सम्पुर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्ने छ ।

४. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा कार्यक्रम सम्बन्धि पुर्ण जानकारी झल्किने बोर्ड राख्नु पर्ने छ ।

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्न सक्ने छ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्ने छ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति................ भित्र अनिवार्य रुपले सम्पन्न गरि भुक्तानिका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्ने छ ।

७. भुक्तानि सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजातहरु पेश गरि सके पश्चात, प्रथम पक्षले स्थलगत निरिक्षण गरि तैयार गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानि दिने छ ।

८. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सार्वजनिक जानकारी (Public Audit) गराउने छ ।

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समानरुपले मान्य तथा बन्धनकारी हुने छन् । कुनै एक पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्को पक्ष एक तर्फि रुपमा सम्झौता भंग गर्न स्वतन्त्र हुने छ ।

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानुन बमोजिम हुने छ ।

| प्रथम पक्ष को तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छापः |

अनुसूची-६

## कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक डडेल्धुरा
सुदूरपश्चीम प्रदेश नपाल
........................ कार्यक्रम
कार्य सम्पन्न प्रतिवेदन

योजनाको नामः
स्थानः
सम्झौता मितिः
कार्य सम्पन्न भएको मितिः
इष्टिमेट अनुसारको रकम रुः
खूद कार्य भए बमोजिमको रकम रुः

खुद बढी भएको रकम रुः
खुद घटी भएको रकम रुः
घटी बढी हुनुको कारणः
कार्य सम्पन्न हुनु पर्ने मितिः

कृषक/कृषक संस्थाको नाम
सम्पर्क व्यक्ति/अध्यक्षको नाम

| क्र सं | कार्यको विवरण | इकाइ | लगत इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत नापि अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| | | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानि.......% | | | | | | | |

तैयार गर्ने
छाप

काम गर्ने

जाँच गर्ने

सदर गर्ने

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसुची-७
## अनुदानग्राहिको अभिलेखको ढाँचा

आ.ब:

कार्यक्रमको नाम:

| क्र. सं. | अनुदानग्राहि कृषक/कृषक संस्थाको नाम | ठेगाना | फोन नं | कार्यक्रमको जम्मा लागत रु. | अनुदान रकम रु. | कार्यक्रमबाट लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पु. | म. | दलीत | आ.ज | अन्य | जम्मा |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसुची-८

गाउँपालिका स्तरमा पशु सेवा शाखाले विभिन्न कार्यक्रमहरु: गोष्ठी सेमिनार, बैठक, कार्याशाला र तालिम संचालन गर्दा तपशिलको नमर्स र मादण्डहरुको आधारमा संचालन गरिनेछ ।

तपशिल:

| क स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | १६०० | प्रति व्यक्ति |
| २ | कार्यक्रम प्रशिक्षक/ सहजकर्ता | १६०० | गाउपालिकामा अधिकृत स्तरमको कर्मचारीको लागी मात्र |
| ३ | कार्यक्रम प्रशिक्षक/ सहजकर्ता | १४०० | गाउपालिका स्तरामा सहायकस्तर कर्मचारीको लागी |
| ४(क) | सहभागी भत्ता | १००० | प्रति व्यक्ति |
| (ख) | सहभागी निर्वाह खर्च/यातायात खर्च | ७०० | प्रति व्यक्ति |
| ५ | अतिथी | १६००/१४०० | अतिथीको पदस्तर अनुसार प्रति व्यक्ति |
| ६ | कार्यक्रम प्रशिक्षक/सहजतर्ता | २५०० | जिल्ला भन्दा बाहिरको अधिकृतस्तर कर्मचारीको लागी मात्र |
| ७ | कार्यक्रम प्रशिक्षक/सहजतर्ता | २२०० | जिल्ला भन्दा बाहिरको सहायकस्तर कर्मचारीको लागी मात्र |
| ८ | खाजा | २०० | प्रति व्यक्ति |
| ९ | खाना | २५० | प्रति व्यक्ति |
| १० | व्यानर | १००० | प्रति समुह |
| ११ | प्रतिवेदन लेखन | १००० | प्रति समुह |
| १२ | स्टेशनरी | २०० | प्रति व्यक्ति |
| १३ | विविध | ५००० | १ सम्मको कार्यक्रमका लागी |
| १४ | मसलन्द | ५००० | १ सम्मको कार्यक्रमका लागी |
| १५ | कार्यपत्र | १६०० | प्रति कार्यपत्र |
| १६ | लेखा/प्रशासन (१/१ जना मात्र) | १४०० | प्रति व्यक्ति |
| १७ | अन्य | - | आवश्यकता अनुसार बढीमा १५००० देखि २०००० |

नोट : सहभागीहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराइएमा सहभागीलाई खानाको व्यवस्था हुने छैन र दैनिक भ्रमण भत्ता उपलब्ध नगराएमा सहभागीलाई भत्ता, खाना र खाजाको पनि व्यवस्था गर्नु पर्नेछ । सहभागीहरुलाई सहभागी भत्ता वा सहभागी निर्वाह भत्ता/यातायात खर्च मध्ये एउटा मात्र सुविधा उपलब्ध गराइनेछ । माथि उल्लेखित कार्यक्रम संचालनको आधार तथा मापदण्डहरुलाई आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।